# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : १** **संख्या : १३** **प्रमाणिकरण : २०७५।०६।२६**

**प्रकाशन मिति : २०७५।०७।०६**

## भाग - २

## ठाकुरबाबा नगरपालिका

### स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि, २०७५

**<u>प्रस्तावना</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरि नगरपालिकाबाट विनियोजित लक्षित वर्गको रकमका आधारमा विपन्न तथा बेरोजगारहरुलाई आय आर्जन मार्फत स्वरोजगार सिर्जनाकालागी ऋण प्रदान गर्न  प्रत्येक वडामा स्थापित सहकारी संस्था मार्फत घुम्ती कोष संचालन गर्ने प्रयोजनका लागि **स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि**, **२०७५** बनाईएको छ ।

## परिच्छेद-१

**प्रारम्भीक १.१ सम्क्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "**स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि, २०७५**" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट निर्णय भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद-२

## परिभाषा

**२.१ विषय प्रसंगले अर्को अर्थ नलागेमा,**

क) "कोष" भन्नाले स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सम्भन्नु पर्दछ ।

ख) "समिति" भन्नाले स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषको सञ्चालक समिति सम्भन्नु पर्दछ ।

ग) "मूल्याङ्कन समिति" भन्नाले सहकारी संस्थाहरुबाट प्राप्त प्रस्तावहरु मूल्याङ्कन गर्न गठित समिति भन्ने सम्भन्नु पर्दछ ।

घ) "सहकारी संस्था" भन्नाले संघीय सहकारी ऐन , २०७४ तथा ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम दर्ता भएका सहकारी संघ संस्थालाई जनाउने छ । "सहकारी"शब्दले कृषि सहकारी, उत्पादनमूलक सहकारी, वचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारी लाई जनाउने छ ।

ङ) "वेरोजगार" भन्नाले कुनैपनि पेशा व्यवसाय तथा कुनै आयआर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्भन्नु पर्दछ ।

च) "ऋणी" भन्नाले ऋण लिने व्यक्ति सम्भन्नु पर्दछ ।

छ) "परियोजना वा प्रस्ताव" भन्नाले स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषबाट लिने कर्जा र आफ्नो रकम समेत लगानीगरी कुनै व्यवसाय सञ्चालन गर्न तयार गरिएको प्रस्ताव र सोसँग सम्वन्धित चल अचल सम्पत्ति समेत सम्भन्नु पर्दछ ।

ज) "परिवार" भन्नाले अंशलिई छुट्टीभिन्न नभएका कर्जावालासँगै साथै संगोलमा वस्ने वा मानाचामल लिई अलग-अलग वसेका भएपनि एक परिवारका सदस्यहरुलाई सम्भन्नु पर्दछ ।

झ) "संयन्त्र" भन्नाले कोषको कायक्रमको प्रवर्द्धन गर्न स्थापित गरेको "नगरपालिका अनुगमन समिति" लाई सम्भन्नु पर्दछ ।

ञ) "सहभागी संस्था" भन्नाले स्वरोजगार तथा साना व्यवसाय घुम्तीकोष सँग आवद्ध भई यस कार्यक्रमको लागि कोषसँग सम्भौता गरेका सहकारी संस्था सम्भन्नु पर्दछ

ट) "तोके वा तोकिए बमोजिम" भन्नाले कोष संचालन कार्यविधिले तोके बमोजिम भन्ने सम्भन्नु पर्दछ ।

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि, २०७५

ठ) " सदस्य" भन्नाले कोष संचालकसमितीको सदस्य बुझाउने छ ।

ड) सदस्य सचिव भन्नाले स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोषको सदस्य सचिवलाई जनाउछ ।

## परिच्छेद-३

३.१ कुनैपनि सहकारी संस्थाले स्वरोजगार घुम्ती कोषको रकम मागगर्दा देहायका कागजात तथा विवरण पेश गर्नुपर्नेछ :-

क) सहकारी सस्थाले कार्यक्रममा सहभागि हुने निवेदन ।
ख) सहकारीले प्रस्तावना पेश गर्ने भनि गरिएको निर्णयको प्रतिलिपि ।
ग) सहकारी संस्थाले कार्यक्रममा सहभागी हुन सम्वन्धित वडाको सिफारिस पत्र ।
घ) संस्था दर्ता प्रमाणपत्र, विनियम ,लगानी सम्बन्धि नियमावली ।
ङ) संस्थामा रहेका कर्मचारीको विवरण ।
च) लेखा परीक्षण प्रतिवेदन ।
छ) संस्थाको शेयर, निक्षेप तथा पूँजी कोष विवरण र संस्थाको हालको अवस्था ।

ज) सस्थाको पल्स प्रतिवेदन ।

झ) स्वरोजगार हुन चाहने व्यक्तिको लगत तथा व्यवसायीक योजना ।

ञ) सहकारी संस्थाका सञ्चालक र लेखा समितका सदस्यहरुले यस कोषको रकम नियमपूर्वक लक्षित वर्गहरुमा परिचालन गरी घुम्ती कोष नियमित गर्नेछौ भनी सामूहिक तथा व्यक्तिगत जमानी बस्न गरेको निर्णयको प्रतिलिपि ।

## परिच्छेद- ४

### ४.१ सहकारीहरुसंग सम्झौताकोलागि अपनाईने प्रक्रिया

क) स्वरोजगार तथा साना व्यवसायी घुम्तीकोषबाट ऋणलिन चाहने सहकारी सस्थामा आवद्ध लक्षित वर्गका व्यक्तिहरुका लागी सम्बन्धित सहकारीमा दरखास्त दिन सक्नेगरि १५ दिनको सुचना आह्वान गरिनेछ।

ख) बुदा नं. ४.१(क) बमोजिम प्राप्त निवेदनहरुका आधारमा घुम्तीकोष मागगर्न सहकारी संस्थाहरुलाई थप ७ दिन सहित २१ दिनको सुचना आह्वान गरिनेछ ।

ग) माथि बुदा नं.४.१ (क) बमोजिमका विवरणहरु सहित ईच्छुक सहकारी संस्थाहरुले घुम्तीकोष प्राप्त गर्नका लागी स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोष समितिमा दरखास्त पेश गर्नुपर्ने छ ।

घ) स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोषका लागी सहकारीहरुले पेश गरेका प्रस्तावहरु छानविन गरि विवरण पुगे नपुगेको हेरी सिफारिस गर्नका लागी गठित समितिले आफ्नो रायसहित कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ । सहकारी संस्थाहरुलाई रकम उपलब्ध गराउने भन्ने निर्णय कार्यपालिकाबाट भएपछि सम्झौताका आधारमा रकम उपलब्ध गराईनेछ ।

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सञ्चालन कार्यविधि, २०७५

### ४.२ घुम्तीकोष परिचालन सम्बन्धि व्यवस्था

क) स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोष व्यवसायिहरुको परियोजनाको सम्भाव्यता, उत्पादन, बजारीकरण, शेयर तथा बचत पुजि र सहकारी संस्थाको परिपक्कताको आधारमा बढिमा प्रति सहकारी रु १५ लाख र प्रति व्यवसायि रु. २ लाखमा नबढाई एकमुष्ठ कर्जा रकम सहकारीलाई उपलब्ध गराईनेछ।

ख) स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोषबाट सहकारीमा लगानी गरिने रकममा २ प्रतिशत र सहकारीले सदस्यमा लगानी गर्दा थप २ प्रतिशत गरि ४ प्रतिशत व्याज कायम गरिने छ तर उक्त कर्जाको भाखा नाघेमा थप २ प्रतिशत हर्जाना लाग्नेछ ।

ग) कर्जा लगानीगर्दा एकलमहिला, दलित, अपाङता भएका र द्वन्द पिडित व्यक्तिहरुलाई थप ग्राहयता दिनु पर्नेछ । यस्ता लक्षितवर्ग प्रोप्राईटर रहेका व्यवसायिको समयमै कर्जा भुक्तानीगर्दा लाग्ने व्याजमा १० प्रतिशत छुट दिईनेछ ।

घ) उपरोक्त बमोजिम सहकारीले लिएको कर्जालाई ४ भागमा विभाजन गरि ६ मासिक रुपमा २ वर्ष भित्र कर्जा भुक्तानी गरिसक्नुपर्नेछ । २ किस्ता भुक्तानी गरिसकेका सहकारीलाई थप कर्जाउपलब्ध गराउन सकिनेछ । सहकारीले सदस्यहरुको भुक्तानी तालिका व्यवसायको आधारमा आफैले निर्धारण गर्न सक्ने छन ।

झ) कोषलाई ठिकढंगले लक्षितवर्गमा परिचालन गरेको नदेखिएमा नगरपालिकाले कुनैपनि बेला उक्तरकम फिर्तागर्न लगाउन सक्नेछ ।

ञ) सहकारी संस्थालाई कर्जा उपलब्ध गराउने सम्बन्धि अन्तिम अधिकार कार्यपालिकामा रहनेछ

### ४.३ संस्थाहरुले कर्जा वितरण पुर्व सदस्यहरु संग लिनुपर्ने कागजातहरु

क. ऋणीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख. कुनै सिपमुलक तालिम लिएको भए अभिमुखीकरण तालीमको प्रमाणपत्रको प्रतिलिपि ।

ग. ऋणीको एकाघरका परिवार सदस्यहरुको रोजगारीको अवस्थासमेत खुल्ने गरी पारिवारिक विवरण ।

घ. ऋणी वा निजका परिवारको नाममा रहेको चल अचल सम्पत्तिको पूरा विवरण ।

ङ. कर्जा माग निवेदन ।

च. आफुले गर्न चाहेको व्यवसायको व्यवसायिक योजना ।

## परिच्छेद -५

## सहकारी संस्थाहरुबाट गर्नुपर्ने कार्यहरु

### ५.१ सहकारी संस्थाहरुबाट गर्नुपर्ने कार्यहरु देहाय अनुसार हुनेछन् ।

क. सहकारी संस्थाबाट कर्जालिई व्यवसाय गर्नचाहने व्यक्तिले पेशगरेको विवरणको अध्ययन र विश्लेषण गर्ने,

ख. सहकारीले उक्त व्यवसायका लागी कजा दिन उचित ठहऱ्याएमा कर्जा स्वीकृत गर्ने,

ग. कर्जा प्रवाह गर्दा परियोजनाको प्रकृति र परियोजना निरीक्षणगरि सोको आधारमा तोकिए वमोजिमको किस्ता तयगरी कर्जालगानी गर्ने,

घ. सहकारीहरुले समय समयमा कर्जा प्रदान गरेपछि र असुलीगरी पुनःपरिचालन गरेपछि सोको जानकारी फायल संगै नगरपालिकामा पठाउने ।

ङ. सहकारीको नियमानुसार तमसुकगर्दा ऋण असूलउपर सम्वन्धि आवश्यक शर्तहरु उल्लेखगर्ने ।

च. भुक्तानी तालिका वमोजीम लगातार तीनकिस्ता भाखा नाघेमा नगरपालिकामा अनिवार्य रुपमा जानकारी दिई कर्जाअसुली प्रकृया अगाडि बढाउने ।

## परिच्छेद ६

### ६.१ संचालक समिति सम्बन्धि व्यवस्था

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषलाई प्रभावकारीरुपमा संचालन गर्नकालागी देहाय बमोजिमको संचालक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १. नगर प्रमुख | सयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. नगर कार्यपालिका बाट मनोनित १ जना महिला | सदस्य |
| ४. नगरप्रमुखले तोकेको नगरक्षेत्र भित्रका सम्बन्धित विषयमा जानकार १ जना | सदस्य |
| ५. प्रमुख प्रशासकिय अधिकृतले तोकेको सम्बन्धित शाखा हेर्ने १ जना कर्मचारी | सदस्य सचिव |

### ६.२ संचालक समितिको काम कर्तव्य र अधिकार

क) स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषबाट कर्जा लिनका लागी सहकारी संस्थाहरुले पेशगरेका प्रस्तावहरुमाथि छानविन गरि कार्यपालिकामा सिफारिस गर्ने ।

ख) सहकारी संस्थाहरुको परिपक्कता, पेश भएका व्यवसायिहरुको प्रकृति, सम्भाव्यता, बजारीकरण र प्रतिफलको आधारमा लगानी गर्नसकिने कजार्रकम एकिनगर्ने ।

ग) स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषबाट लगानी गरिएको रकमको सदुपयोगिता, प्रतिफल र त्यसले पारेको प्रभाव मुल्यांकनगरि पुन:कर्जा लगानीका लागी सिफारिस गर्ने ।

घ) लगानी गरिएको कर्जा वास्तविक प्रयोजनमा खर्च भए नभएको एकिनगरि वास्तविक व्यवसायमा लगानी गरेको नपाईएमा कर्जा फिर्ताका लागी सिफारिस गर्ने ।

ङ) स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषको प्रभावकारी कार्यान्वयनका लागी आवश्यक निर्देशनहरु दिने ।

च) कुनै व्यवसायीले सहकारी मार्फत लगेको कर्जा समयमा भुक्तानी नगरेमा असुलिकालागी पहल तथा आवश्यक परे नगरपालिकाबाट उपलब्ध गराईने सेवाहरु समेत रोक्कागरी असुलीकालागी सहयोग गर्ने।

छ) आवश्यकता अनुसार अनुगमन मुल्यांकन गरि प्रतिवेदन पेशगर्ने ।

### ६.३ संचालक समितिको बैठक

संचालक समितिको बैठक कम्तीमा २ महिनामा १ पटक बस्नेछ उक्त बैठकमा भाग लिएबापत समितिका सदस्यहरुले नगरपालिकाको नियमानुसार बैठकभत्ता पाउनेछन । तर यस्तो भत्ता लिनकोलागी कोष आफै सक्षम हुनुपर्नेछ ।

## परिच्छेद ७

## कोषको खर्च र लेखा व्यवस्थापन

### ७.१ खाता संचालन

क) स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषको रकम नेपाल सरकारको नियमानुसार छुट्टै खाताखोलि राखिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको १ जना कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखा शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

### ७.२ कोषको रकम खर्च सम्बन्धि व्यवस्था

क) यस कोषमा विनियोजित रकमलाई रकमान्तर गरि वा अन्यकुनै प्रकृयाबाट तोकिएको कार्यबाहेक अन्यकुनै शिर्षकमा खर्चगर्न पाईनेछैन । तर कोषबाट रकम लगानी गरि आर्जित आम्दानीलाई कोष व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरुमा खर्चगर्न सकिने छ ।

ख) परिच्छेद ७.२ (क) बमोजिम स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोषको लगानीबाट आर्जित व्याज हर्जाना जस्ता आम्दानी रकमलाई देहाय बमोजिमका शिर्षकहरुमा खर्चगर्न सकिनेछ ।

- संचालक समितिका पदाधिकारीहरुको बैठक खर्च
- अनुमन खर्च
- कोष व्यवस्थापनका लागी आवश्यक लजेस्टीक सामाग्रीहरु

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि, २०७५

- कोषको प्रभावकारी व्यवस्थापनका लागी आवश्यक तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु

## परिच्छेद -८

## अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था

८.१. सहकारी संस्थाहरुको अनुगमन नगरपालिकाका पदाधिकारी, वडा समिति र स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालक समितीले गर्नेछ ।

८.२. अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको निराकरण एवं कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

८.३. यसरी अनियमितता भएको वा समयमा ऋण असुली नगरेको वा घुम्तीकोषका रुपमा परिचालन नगरेको पाईएमा कार्यपालिकाको निर्णयबाट कर्जा कुनैपनि समयमा फिर्ता लिन सक्नेछ ।

## परिच्छेद ९

## बचाउ

यस कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसुची १

स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोषबाट सहकारी संस्थाले कर्जा प्राप्तगर्न भरिने फारम :

((परिच्छेद-३ संग सम्बन्धित)

**१) सहकारीको विवरण** :

| | | | |
|---|---|---|---|
| सहकारी संस्थाको नाम : | | | |
| पुरा ठेगाना : | | | |
| संचालन मिति : | | | |
| पान नं : | | दर्ता नं : | |
| सहकारीमा आवद्ध सदस्यको विवरण | महिला | पुरुष | जम्मा |
| | | | |

**२. सहकारी सस्थामा नियमित रुपमा काम गर्ने कर्मचारीका विवरण :**

| क.सं. | नाम | पद | सम्पर्क नं | शाखा |
|---|---|---|---|---|
| १ | | | | |

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि, २०७५

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

**३) वित्तिय विवरण** रु. हजारमा

| | | | | |
|---|---|---|---|---|
| शिर्षक आ.व. | | | | |
| शेयर पुँजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य कोष | | | | |
| कुल निक्षेप | वचत | | | |
| | मुद्धती | | | |
| | संस्थागन निक्षेप | | | |
| व्याज मूलतवी | | | | |
| कल ऋण लगानी | | | | |
| क. कृषि जन्य क्षेत्रमा | | | | |
| ख. सेवा व्यवासाय | | | | |
| ग. लघु उद्योग | | | | |
| घ. अन्य व्यवसाय | | | | |
| **कुल लगानी** | | | | |
| स्थिर सम्पत्ति (घर जग्गाको हकमा मालपोत कार्यालयको मुल्याङन रकम) | | | | |
| कुल आम्दानी | व्याज | | | |
| | अन्य | | | |
| कुल खर्च | व्याज | | | |
| | कर्मचारी | | | |
| | अन्य संचालन खर्च | | | |
| संचालन मुनाफा | | | | |
| आयकर अघिको बचत (नाफा) | | | | |
| जोखिम व्यहोर्ने कोषहरुको रकम | क. | | | |
| | ख. | | | |
| | ग. | | | |
| अनिवार्य नियमित बचत रकम | | | | |
| अनिवार्य नियमित बचत गर्ने सदस्य खंख्या | | | | |
| म्याद नाघेको कर्जा रकम | | | | |

| | | | |
|---|---|---|---|
| म्याद नाघेको कर्जा प्रतिशत | | | |
| साधारण सभा बसेको मिति | | | |

**५. सञ्चालक तथा लेखा समिति र उपसमितिका सदस्यहरुले लगेको ऋणको विवरण**

| क.सं. | नाम | पद | शिर्षक | बाँकि सावाँ | बाँकी व्याज | भुक्तानि मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**६. पल्स प्रतिवेदन .........असार मसान्त भित्रको**

| P-E-A-R-L-S RATIOS (पर्ल्स अनुपात) | | | Goals (लक्ष्य) प्रतिशतमा | हालको अवस्था |
|---|---|---|---|---|
| P | PROTECTION (संरक्षण) | | | |
| | १ | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १०० | |
| | २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५ | |
| E | EFFECTIVE FINANCIAL STRUCTURE ( प्रभावकारी वित्तिय संरचना ) | | | |
| | १ | जम्मा खुद ऋण / जम्मा सम्पत्ति | ७० देखि ८० | |
| | २ | जम्मा बचत निक्षेप / जम्मा सम्पति | ७० देखि ८० | |
| | ३ | बाहृय ऋण / जम्मा सम्पति | बढीमा ५ | |
| | ४ | जम्मा शेयर पुँजी / जम्मा | १० देखि २० | |
| | ५ | सम्पति | | |
| | ६ | संस्थागत पुँजी / जम्मा सम्पति | कम्तीमा १० | |
| A | ASSET QUALITY ( सम्पत्तिको गुणस्तर ) | | | |
| | १ | जम्मा भाखा नाघेको ऋण /जम्मा लगानी मा रहेको ऋण | ५ भन्दा कम | |

| | | | | |
|---|---|---|---|---|
| | २ | आर्जन नगर्ने सम्पत्ति / जम्मा सम्पत्ति | ५भन्दा कम | |
| R | RATES OF RETURN AND COSTS (लगानिको प्रतिफल तथा लागत) | | | |
| | १ | सञ्चालन खर्च / औषत सम्पत्ति | ५ | |
| | २ | खुद आय / औषत सम्पत्ति | कम्तीमा १० | |
| L | LIQUIDITY (तरलता) | | | |
| | १ | तरल सम्पत्ति - अ.भुक्तानी /जम्मा बचत निक्षेप | कम्तीमा १५ | |
| S | SIGNS OF GROWTH (वृद्धिको संकेत ) | | | |
| | १ | सदस्यता बृद्धि | १२भन्दा बढी | |
| | २ | सम्पत्तिको बृद्धि | १० भन्दा बढी | |

**७) प्रस्ताव सम्वन्धी विस्तृत विवरण (निम्न शिर्षक अनुसार कर्जा मागका प्रस्ताव वेग्लै संलग्न गर्ने)** :

१. संस्थाको परिचय (पूँजी, प्रस्तावित कार्यक्षेत्र, लगानिका क्षेत्रहरु, प्राथमिकता, उद्धेश्य आदि)

२. परियोजनाको उद्धेश्य र रोजगार सृजनाहुने संख्या

३. कर्जा वितरण योजना (भौगोलिक क्षेत्र, लगानिको क्षेत्र, लक्षित सहभागीहरु, कूल लगानीगर्ने रकम र मासिक वितरण तालिका)

४. व्यवसायीबाट मासिक कर्जा फिर्तागर्ने भुक्तानी तालिका

५. कोषबाट ऋण प्राप्त भएपछि तालिम कर्जा प्रवाह अनुगमन निरिक्षण आदिको लागि गरेको कर्मचारी व्यवस्था :

६. सापटी रकमको कोषलाई फिर्ता वुझाउने तालिका :

**७ संचालक समिति लेखा समितिहरु जमानि बसेको विवरण :**

स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोष को कार्यक्रम सञ्चालन गर्न प्रतिवद्धतापत्र सहित रु ..................उपलब्ध गराउन अनुरोध गर्दछौं। उक्तरकम यस न.पा. क्षेत्रका लक्षित समुदायका सदस्यहरुको नमुना व्यवसायहरुमा सुरक्षित पूर्वक लगानीगरी स्वरोजगार श्रृजना गर्नेछौ । प्रस्तावमा तोकिएको समयभित्र धुम्तीकोषको रुपमा लगानि गरिएको रकम सावाव्याज सहित फिर्तागर्न हामी तपसिलका सञ्चालकहरु व्यक्तितग तथा सामुहिक रुपमा जमानी वस्न मञ्जुरगरि यो प्रस्ताव ठाकुरबाबा नगरपालिकाको कार्यालयमा पेशगरेका छौ। कोषले गरेका निर्णय हाम्रो लागी मान्य र अन्तिम हुने कुरामा हामी मञ्जुर गर्दछौं ।

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सञ्चालन कार्यविधि, २०७५

| क्र.सं | नाम | पद | नागरिकता नं | सम्पक न. | हस्ताक्षेर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**८. लेखा समितिको सिफारिस :**

उपरोक्त अनुसार कोषबाट प्राप्तहुने रकमको नियमित अनुगमन, निरिक्षण आदि गरी सो रकम सदुपयोग र समयमै चुक्तागर्न गराउन लेखा समितिले पूर्ण जिम्मेवारी निर्वाह गर्नेछौ ।

| क्र.सं | नाम | पद | नागरिकता नं | सम्पक न. | हस्ताक्ष्यर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५. | | | | | | |

छाप :

मिति:

स्वरोजगार तथा साना व्यवसायी कर्जा कोष संचालन कार्यविधि, २०७५

**अनुसची ३**

स्वरोजगार तथा साना व्यवसायि घुम्तीकोष कर्जा माग फाराम

(व्यक्तिगत कर्जाका लागि)

श्री.........................

**विषय : स्वरोजगार कजा उपलबध गराइ पाँउ ।**

महोदय,

म श्री.......................................को छोरा/छोरी श्री....................................को श्रीमान्/श्रीमती जिल्ला बर्दिया न.पा. ठाकुरबाबा वडा नं........ बस्ने वर्ष.......को श्री/श्रीमती ..........................हालसम्म कुनै रोजगारी मूलक कार्यमा लाग्न नसकी बेरोजगार रहेको र सहकारीबाट निम्न व्यवसाय संचालनको लागि देहायमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले मेरो आफ्नै जमानिमा परियोजना धितो राखी कर्जा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ ।

**१. गर्न चाहेको व्यवसायको नाम :**..........................................................................

**२.व्यवसाय संचालन गर्ने स्थानः** ..........................................................................

घरको नम्बर......................टेलिफोन नं......................मोबाईल नं............................

**३. व्यवसाय संचालन गर्नको लागि मैले निम्न अनुसारको विवरणहरु पेश गरेको छु, ।**

क. नागरिकताको फोटोकपी :

ख. तालिमको प्रमाणपत्र :

ग. फोटो :

घ. पुर्व अनुभवको प्रमाणपत्र

ङ. संचालन गर्ने परियोजनाको विवरण (व्यवसायिक योजना)

च.आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरी पारिवारिक विवरण,

| नाम | नाता | दर्जा | काम गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष संचालन कार्यविधि, २०७५

छ. आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण,

| नाम | नाता | घर जग्गाको कि.न.. | जिल्ला | न.पा.तथा गापा | वडा नं. | क्षेत्रफल | सगोवा एकलौटी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**४. शर्त सुविधा :**

क. उल्लेखित कर्जा..............................................कार्यमा प्रयोग गर्नेछु ।

ख. कर्जामा कोषले समय-समयमा तोकेको दरमा ब्याज तथा साँवा तिर्नेछु ।

ग. कोषले तोकेको कोषको कर्जाको शर्त मान्न मंजुर छु ।

घ. मैले लिएको कर्जा तोकिएको समयमा नबुझाएमा मेरो व्यवसायको दर्ता रद्द गर्ने, व्यवसायिक प्रमाण पत्रहरु जफत गर्ने, मैले पाउनु पर्ने मेरो भागमा र हक पुगेको पैतृक वा आफुले आर्जन गरेको सम्पत्ति रोक्का गर्ने, कालो सूचीमा राख्ने, मतदानमा उम्मेदवार वन्न नपाउने, मतदानमा भाग लिन नपाउने लगायत राज्यले प्रदान गर्ने सुविधा समेतबाट वञ्चित गरी प्रचलित कानून वमोजिम कारवाही भएमा समेत मेरो मञ्जुरी छ ।

ङ. जुनसुकै सम्पत्तिमा स्वतः पहिलो दाबी सृजना हुने र मैले पाउने रकम तेस्रो पक्षबाट असुल उपर गरी लिएमा सहमति छ तथा मेरो व्यक्तिगत जमानी समेत मेरो मञ्जुरी छ ।

च. मैले पेश गरेको उपरोक्त विवरण झुटा ठहरेमा मलाई प्रचलित कानून वमोजिमको कारबाही गरेमा मेरो मञ्जुरी छ भनी माथि उल्लेखित कर्जा प्राप्त गर्नको लागि यो माग फाराम पेश गरेको छु ।

**निवेदकको,**

नाम :.........................

ठेगानाः .......................

दस्तखत : ....................

आज्ञाले
पित्री भक्त गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

स्वरोजगार तथा साना व्यवसायी कर्जा कोष संचालन कार्यविधि, २०७५